| TUSD<br>Tucson Unified School District<br>Tucson, Arizona<br><br>POLICY REGULATION | नियम-कानुन शिर्षक: दोभासे र अनुवादक सेवाहरु विध्यार्थिहरु र बा आमा /अभिभावकहरुका लागी<br><br>CODE: KBF – R |
| --- | --- |

टूसान संयुक्त स्कूल जिल्लाले जिल्लाका कार्यक्रम्हरुमा पहुँच पाउनकालागी अङ्ग्रेजी भाषाको दखल सिमित भएका विध्यार्थिहरु र परिवारहरुलाई तालिम्प्राप्त दोभासे र अनुवादअकहरु उपलब्ध गराउदछ।

**पारीभाषाहरु**

दोभासे-भनेको यो ब्यक्ति हो जस्ले एकै भाषा नबोल्ने दुई वा सो भन्दा बडी ब्यक्तिहरु बिच कुराकानी आदान प्रदान गर्न उनिहरुकै *भाषामा* सहजिकरण् गरिदिन्छ।

अनुबादक- भनेको यो ब्यक्ति हो जस्ले पहिलो भाषामा भएको लिखित सम्बादको सोही अर्थ राखी दोस्रो भाषामा लिखित सम्बाद जुटाइ दिन्छ।

LEP(अंग्रेजीमा निपुणता सिमित)- जो ब्यक्तिहरु, आफ्नो राष्ट्रिय उत्पतिका कारण्ले गर्दा, उनिहरुको अंग्रेजीमा सिमित निपुणता छ।

प्रभाब्कारी भाषा - कुनै पनि भाषा अंग्रेजी भन्दा बाहेक जहाचै १०० वा सो भन्दा बडी त्यो भाषा बोल्नेहरु हाल TUSD मा भर्ना भएका छन।

मद्दत सेवाहरु- कुनै पनि सेवा जुनचाही दैनिक कक्षाकोठाका सिकाइ/निर्देशन पर्दैनन,जस्तै लकर, ब्यक्तिगत शैक्षिक कार्यक्रम, साखा ५०४, बाआमा/ शिक्षक सम्मेलन्हरु, विध्यार्थी अनुशासन, नि:शूल्क र थोरै शूल्कमा दिउसोको खाना, स्वास्थ्य /औषधी बारे सेवाहरु, यस्तै यस्तै।

**LEP नामावली-**यो नामावली टी यू एस् डी ले दुक्कै ठीकठाक सँग डेटा बेस्मा अंग्रेजिमा सिमित निपुणता भएका अनी हाल स्कूल्मा भर्ना गरिएका विध्यार्थी वा उनिहरुका बा आमाहरुको नाम राखेको हुन्छ। यो नामावली मद्दत सेवाहरुमा पहुँच पाउनकालागी दोभासे/अनुवादक कस-कस्लाई चाहिन्छ भनी पहिचान्कालागी प्रयोग गरिन्छ।

**LEP हरु चिन्नु**

ब्यक्तिहरु LEP हुन भनी TUSD मा यसरी चिनिन्छ:

आँफै चिनिनु- हरेक साल, प्रत्येक नयाँ र पुरानो विध्यार्थिका बा आमा/ अभिभावक्ले यो प्रश्नको जवाफ दिनु पर्ने हुन्छ: तपाईं कुन भाषा रुचाउनु हुन्छ जिल्ला सँग लिखित वा मौखिक सम्बाद गर्नकोलागी?

- स्कूल्का कर्मचारीले पत्ता लगाउने- स्कूल्का कर्मचारीहरुले बा आमा/अभिभावकहरु सँग काम गर्दा वा भेट्दा LEP हुन भनी पत्ता लगाइ प्रिन्सिपल्लाई उनिहरु अनी नानीको नाम LEP को नामावलिमा राख्न भन्न सक्ने छन।
- स्कूल्का कर्मचारीहरुको उत्तरदायित्व हो LEP को नामावली तयार पारी केन्द्रिय डेटा बेस्मा राख्ने।

**बा आमा /अभिभावकहरुकालागी जानकारी**

सबै स्कूल र बिभागहरु जस जस्ले LEP हरुलाई सेवाहरु उपलब्ध गराउदैछन वा गराउनेछन ले अवस्यनै: सबै LEP विध्यार्थिहरु, बा आमा/अभिभावकहरुलाई दोभासे सेवाहरु वहाँहरुलाई नि:शुल्क उपलब्ध छ भनी जानकारी गराउनु पर्दछ।

- सुरुमा अन्तर्वाता गर्ने मौका मिलाई प्रत्येक LEP परिवारलाई वहाँका नानीले पाउने मद्दत सेवाहरुको जानकारी दिने।
- बिभिन्न प्रभाब्करी सार्वजनिक ठाउहरुमा बिभिन्न भाषामा विध्यार्थी, बा आमा, अभिभावकहरुकालागी नि:शुल्क दोभासे उपलब्ध गराइछ भन्ने जानकारी राखिने र सह्यार सम्हार गरिने छ।
- दर्ता गरेकाबेलामा र अरुबेला पनि बहु भाषा भएको पाना ब्यक्तिहरुलाई आफु अंग्रेजी भन्दा फाल्टु भाषा बोल्ने हुँ भन्ने चिनाउन उपलब्ध गराइँछ।

**दोभासे /अनुवादअक सेवाहरुको बन्दोबस्त**

- **दोभासे सेवाहरु -** TUSD ले स्कूल, बिभाग, कार्यक्रम वा कुनै कृयाकलाब हुँदै गरेको ठाउमा जँहाचै अंग्रेजी भाषामा निपुणता कमी भएका ब्यक्तीहरुलाई सैक्षिक,प्रशासनिक,वा कानुनी बिषयमा जानकारी चाहियेको खण्डमा,प्रमाणित गरिएका दोभासे उपलब्ध गराउने छ।

  *दोभासे सेवाहरुकालागी तलदिएका कार्यक्रम्हरु पर्दछन, र यती मात्रमा सिमित छैन।*

| **शैक्षिक** | **प्रशासनिक** | **कानुनी** |
|---|---|---|
| शिक्षक सम्मेलन | उपस्थिती बारेमा | IEP समुहको बैठक मुल्याङ्कन |
| परामर्शदाता बैठकहरु | दर्ता सम्बन्धी | ५०४ मुल्याङ्कन |
| GATE मुल्याङ्कन | अतिरिक्त पाठ्यक्रम कृयाकलाबहरु | विध्यार्थी अनुशासन सुनुवाईहरु |
| प्रगतिशील स्थापन | सार्वजनिक बैठकहरु | कानुन प्रचलन बाल आरक्षक |
| शिक्षण र पुरक सेवाहरु | सामाजिक सेवा र कार्यक्रम्हरु | नि:शुल्क र थोरै शुल्कमा खाना |
| बर्खे स्कूल | निती नियम र प्रकृयाहरु | बैकल्पिक भाषा शिक्षा ब्यवस्था |
| कुनै यातायातका कुराहरु | स्तर र विवरण कार्ड | स्वास्थ्य बारे आपतस्थिती |
| | | भेद भाब उजुरी |
| | | विध्यार्थी प्रदर्शन सुनुवाई |

- **अनुबादन सेवाहरु प्रभाब्कारी भाषाहरुकालागी-** TUSD ले मुख्य कागजातहरु बिभिन्न भाषामा अनुवाद गर्द छ यदी त्यो भाषा बोल्ने विध्यार्थिको सङ्ख्या TUSD मा १०० वा सो भन्दा धेरै छ भने। मुख्य कागजातको नामावली समय समयमा ठीक ठाक पारीन्छ।
- **अनुबादन सेवा गैर प्रभाब्कारी भाषाहरुकालागी –**TUSD ले बिशेष शिक्षा, साखा ५०४, र अनुशासनात्मक कार्वाई संलग्न अवस्थाहरुमा अनुबादन् गरिएका कागजातहरु उपलब्ध गराउनेछ।
- दोभासे/अनुबादक सेवाहरुको लिखित प्रमाण -TUSD ले दोभासे/अनुबादन् सेवाहरु विध्यार्थी र उनीहरुका परीवार्लाइ उपलब्ध गराएको प्रमाण केन्द्रिय डेटा बेस्मा राख्दछ।
  - दोभासे/अनुबादकहरुले आफुले जिल्लामा गरेको दोभासे /अनुबादन्को रेकर्ड,कार्यक्रम रेकर्ड फारम्मा भर्ने छन।
  - स्कूल कार्यालयको म्यानेजर वा बिभागका सहयोगी कर्मचारीको दायित्व हो ई प्रत्येक दोभासे /अनुबादनका कृयाकलाब केन्द्रिय डेटा बेस्मा राख्ने।

**जिल्ला कर्मचारीहरुको तालिम**

- सबै सम्बन्धित प्रशासनिक, प्रमाणित गरिएका, बर्गिकरण गरिएका कर्मचारीहरुलाई उनिहरुको दायित्व, पहिचान गर्ने, जानकारी दिने, र LEP हरुलाई सेवा उपलब्ध गराई त्यस्को लेखा राख्ने बारेमा वार्षिक रुप्मा तालिम गराइने छ।
- TUSD ले दोभासे /अनुबादकहरुलाई जाँच, तालिम र मूल्याङ्कन द्वारा प्रमाणित गराउने छ।

**गुँणस्तर नियन्त्रण**

- TUSD ले सामयिक स्थल्गत र/वा डेस्क्टप निरीक्षण LEP विध्यार्थी र बाआमा /अभिभावकहरु जस-जस्लाई दोभासे /अनुवादन सेवा चाहिएको छ अनी खास्गरी सेवाहरु पाउदै छन-छैनन भनी जाँच बुझ गर्ने छ र परेको खण्डमा सच्चाउने कदम पनि  चाल्ने छ।
- TUSD ले, अबिरल रुप्मा, दोभासे /अनुवादअन्को काम पारीपालन के-कस्तो हुँदैछ भनी रेकर्ड ढुक्कै राख्ने छ र परेको खण्डमा सच्चाउने कदम पनि  चाल्ने छ।

**गुनासो /विवाद समाधान**

बाआमा/कानुनी अभिभावकहरु जस-जस्लाई स्कूल्का सेवा-सुबिदाहरुमा पहुँच प्राप्तगर्नकोलागी दोभासे/ अनुवादनका सेवा-सुबिदाहरु प्राप्त भएन जस्तो लागेमा,स्कूल प्रिन्सिपल वा बिभाग प्रमुख सँग मीटिङ्को लागी अनुरोध गर्न सक्नु हुने छ।

१. बाआमा/कानुनी अभिभावकहरुको अनुरोध्का आधारमा,अवस्था बुझ्न र स्पष्ट पार्ने प्रयत्नका लागी प्रिन्सिपल/बिभाग प्रमुख सँग सम्मेलन राखिने छ। दोभासे उपलब्ध गराइने छ। हरेक चासोको समाधान खोज्न प्रयास गरिने छ।

२. यदी ई मामिला /चासोहरु यो सम्मेलन बाट समाधान भएनन भने, बाआमा/कानुनी अभिभावकहरुले बरिष्ट शैक्षिक अधिक्रित-विध्यार्थी सेवा सुबिधाहरुका लागी सँग मीटिङ्को अनुरोध गर्न सक्नुहुने छ।

३. बरिष्ट शैक्षिक अधिक्रित-विध्यार्थी सेवा सुबिधाहरु ले अंतिम नीर्णय बनाउनु हुने छ र सो नीर्णयको जानकारी बाआमा /कानुनी अभिभावकहरुलाई गराउनु हुने छ।

समस्त LEP बाआमा /अभिभावकहरुलाई यो उजुरी समाधानको प्रकृया बारे हरेक शैक्षिक वर्षको सुरुमानै जानकारी गराइँछ।

Reviewed: June 24, 2005 [Friday Report]

Revised: July 18, 2012 [Format Change Only]

Legal Ref:

Cross Ref:

Replaces TUSD Policy #